आज मिति २०८०/०३/१० गते आइतबारका दिन दिनको १२:०० बजे यस गाउँपालिकाको सभा हलमा आ.ब. २०८०/०८१ आठौ गाउँसभामा देहायको पदाधिकारीहरुको उपस्थितिमा तपसिलको निति तथा कार्यक्रम, पारित गर्न गाउँ सभाको बैठक बसियो ।

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सन्तोष कुमार महतो | अध्यक्ष | [illegible] | |
| २ | श्री ममता कुमारी यादव | उपाध्यक्ष | ममता | |
| ३ | श्री देबेन्द्र यादव | सदस्य | [illegible] | |
| ४ | श्री राम खेलावन दास | सदस्य | [illegible] | |
| ५ | श्री विनोद कुमार यादव | सदस्य | | |
| ६ | श्री नबिन कुमार यादव | सदस्य | | |
| ७ | श्री शिव नारायण यादव | सदस्य | [illegible] | |
| ८ | श्री प्रियंका कुमारी दास | सदस्य | [illegible] | |
| ९ | श्री रंजन कुमारी शर्मा | सदस्य | [illegible] | |
| १० | श्री बसन्ती देबी महरा | सदस्य | बसन्ती | |
| ११ | श्री मोहन सिंह | सदस्य | [illegible] | |
| १२ | श्री राम औतार राय | सदस्य | राम औतार राय | |
| १३ | श्री मंजु देवी मण्डल | सदस्य | मण्डल | |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री ढोरवा महरा | सदस्य | ढोरवा | |
| १५ | श्री मिथिलेश देवी यादव | सदस्य | मिथिलेश | |
| १६ | श्री जाकिर मियाँ | सदस्य | [illegible] | |
| १७ | श्री सुदि लाल यादव | सदस्य | सुदीलाल यादव | |
| १८ | श्री इन्दलेश्वर यादव | सदस्य | [illegible] | |
| १९ | श्री योगेन्द्र यादव | सदस्य | [illegible] | |
| २० | श्री विजय कुमार सिंह | सदस्य | | |
| २१ | श्री संजिव कुमार राय | सदस्य | [illegible] | |
| २२ | श्री अशोक कुमार यादव | सदस्य | [illegible] | |
| २३ | श्री राम पृत यादव | सदस्य | [illegible] | |
| २४ | श्री दुलारी देवी राय | सदस्य | दुलारी | |
| २५ | श्री लिला देवी यादव | सदस्य | लिला देवी | |
| २६ | श्री प्रमेश्वरी देवी यादव | सदस्य | [illegible] | |
| २७ | श्री रिता कुमारी चमार | सदस्य | रिता | |
| २८ | श्री सिला देवी महरा | सदस्य | सी ला | |
| २९ | अमिरका देवी मंडल | सदस्य | अमिरका | |
| ३० | रणजित कुमार यादव | सदस्य सचिव | [illegible] | |

# बरियारपट्टी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

## (ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी

बाँझो हुन पुगेकाछ्न । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

### (ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित नागरिकता सम्बन्धी अधिकार लगायत विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
- घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।
- गाउँपालिका अन्तर्गत उल्लेखनिय कृषि क्षेत्रको सम्भावना रहेको ।
- गाउँपालिकामा एक तिहाई युवा, अर्धशिप तथा सिपयुक्त जनशक्तीको उपलब्धता रहेको
- सबै वडाहरुमा कृषि सडक सहित पूर्वाधारको पँहुचमा रहेको ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

- बैदेशिक रोजगारलाई न्यूनिकरण गर्नु ।
- उत्पादित कृषि जन्य सामग्रीलाई नजिकको बजारमा पँहुच पुर्याउनु ।
- शिक्षा क्षेत्रमा देखिएको कमजोरीहररु लाई थप व्यवस्थित गर्नु ।
- रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- गाउँ बस्तिमा नालाको विस्तार गरि निर्माणाधिन सडकलाई समयमा सम्पन्न गर्नु ।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

- गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा टुक्रा योजनाहरुमा नियन्त्रण एंव अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

- आवश्यकता अनुसार अधारभुत्त बिद्यालयहरुलाई नमूना विद्यालयहरुको रूपमा शुरूआत गर्ने ब्यवस्था मिलाइनेछ ।
- शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।
- गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा दिन जोड दिइनेछ।
- विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।
- संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी नियमित अनुगमनमा जोड दिईनेछ ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई बालविकासमा All in One र कक्षा १ मा अंग्रेजी र बिज्ञान बिषय अंग्रेजी माध्यमाबाट पठन पाठनको लागि यस आ.व. देखि लागु गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।
- संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।
- सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली बमोजिम शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन र स्वंयम सेवक शिक्षक व्यवस्था मिलाउने छ ।
- "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
- सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
- गाउँपालिकाक्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।
- हालै सम्पन्न क्याम्पस स्थापनाको प्रक्रिया समयमा सम्पन्न गरी गाउँपालिका भित्रनै उच्च स्तरीय शिक्षा हासिल गर्नको लागि क्याम्पस स्थापना कार्यमा जोड दिनेछ ।
- विद्यालयको गुणस्तरमा थप सुधार ल्याउन सरोकारवाला निकायहरु, नागरिक समाज, बुद्धिजिवीको राय परामर्शलाई कार्यान्वयनमा लगिनेछ ।
- प्रत्येक बिद्यालहरुमा बालविकासको बिद्यार्थीहरुको लागि Smart Children House with Smart Board and Internet Facility को व्यवस्था गरिनेछ ।
- दलित तथा अत्ति न्यून आर्थिक अवस्था भएको बालबालिकाहरुको तथ्याङ्क संकल्न गरी उनीहरुकै सेवा क्षेत्रको बिद्यालयमा नियमित पठनपाठनको लागि प्रोत्साहन गरिनेछ ।
- आधारभुत तहको शिक्षा सहजीकरणको लागि आवश्यकता अनुसार सामुदायिक बिद्यालय स्थापना गरिनेछ ।
- उत्कृष्ट बिद्यालय, उत्कृष्ट शिक्षक र प्र.अ. हरु लाई बार्षिक रुपमा मुल्याङ्कनको अधारमा प्रोत्साहित गरीनेछ ।
- वडा नं. ३ बरियारपट्टीमा बिज्ञान तथा कला प्रदर्शन कार्यक्रम संचालन गरिनेछ ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

- आन्तरिक पर्यटनको सम्भावना वोकेका वडा नं. ४ को त्रिपुरेश्वनाथ मन्दिर वडा नं. १ गडगमा स्थित शिव मन्दिर, वडा नं. ३ शिवनगरको दुर्गा भगवती मन्दिरहरुलाई पर्यटकीय स्थलमा विस्तार गरिने ।
- गाउँपालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

- गाउँपालिका अन्तर्गत आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित प्रदर्शन गर्ने नीति लिइनेछ।
- गाउँपालिका अन्तर्गत हुने ईन्द्र जात्रा, नववी जस्ता महोत्सवहरुलाई व्यवस्थित गरिनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम**

- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान निर्माणको गर्न संघीय सरकार, प्रदेश सरकारमा पहल गरिनेछ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- “नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थापन गरी व्यायामशाला निर्माण” को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

- गाउँपालिकामा बर्षौ देखि सामाजिक रोगको रुपमा रहेको दाईजो प्रर्था, बोक्सी प्रर्था लाई नियन्त्तण गरिनेछ ।
- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको उत्थानको लागि निशुल्क लोकसेवा तयारी कक्षा संचालन गरिनेछ।
- अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गरिनेछ।
- ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- ज्येष्ठ नागरिक तथा बृद्धा आश्रम स्थापना गर्न संघिय सरकारमा पहल गर्नेछ ।

- हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
- "हिंसा मुक्त गाउँपालिकाहाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकातथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
- बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

- बरियारपट्टी गाउँपालिका वडा नं. ३ बरियारपट्टीमा एम्बुलेन्स सहितको १५ सैया अस्पताल चिकित्सकिय सहित २४ घन्टे सेवा संचालन गरिनेछ ।
- नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।
- नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।
- प्रत्येक वडामा बर्थिङ्ग सेन्टर निर्माण गरी संचालन, क्लिनिकहरुलाई सम्वन्धीत निकायमा दर्ता गर्न लगाई क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
- नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।
- आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
- महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
- स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
- सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।
- स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।
- नि:शुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

- महामारी रोगहरुको लागि कोषको स्थापना गरिनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषणयुक्त अहार वितरण गरिनेछ ।
- स्वास्थय चौकीहरुको भौतिक संरचनालाई स्तरउन्नती गरिनेछ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

२.४ सानासिप मुलक उद्योलाई व्यवस्थित गरी आर्थिक विकासमा जोड दिईनेछ ।

२.४ कृषि क्षेत्र सँग सम्बन्धीत उद्योगहरुको अनवेशन, अनुसन्धान गरी ती उद्योगहरुको संचालन प्रकिया अगाडी बढाइनेछ ।

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

- औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।
- औधोगिक ग्राम पूर्वाधार निर्माण कार्य गर्न संघीय सरकार र प्रदेश सरकार सँग पहल गरिनेछ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
- मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।
- गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

- अन्तर गाउँपालिकासम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

**गाउँपालिका अर्थतन्त्रको अधार कृषिमा यूवा स्वरोजगार**

- यस गाउँपालिका अन्तर्गत कृषिमा उत्पादन बृद्धी गर्नको लागि कृषकहरुलाई सहज कृषि सिचाईको कृषि बिद्युतीकरणमा कार्यमा जोड दिईनेछ ।
- कृषि क्षेत्रको योजनाबद्ध विकास संरक्षणको लागि कृषि क्षेत्रलाई प्रथमिकता दिन बार्षिक योजना तर्जुमा गरि कृषि क्षेत्रमा रुपान्त्रण गरिने छ।
- पशु बिमा कार्यक्रम संचालन गरिनेछ।
- यस पालिकामा भैसीको नस्ल सुधार गर्नको लागि मुर्रा जातको रङ्गा खरिद गरिनेछ।
- गाउँपालिका स्तरबाट संचालन हुने कृषि विकास कार्यक्रमलाई वैज्ञानिक पारदर्शि र प्रभावकारी बनाउँदै लगिने छ।
- कृषि पेशालाई मर्यादित आकर्षण बनाउन युवास्वरोजगार कार्यक्रम अन्तर्गत प्लाष्टिक मलचिगं, थोपा सिचाई र अन्य आधुनिक प्रविधि प्रयोग वेमौसमि तरकारी खेतीमा जोड दिई युवालाई कृषि पेशामा आत्म निर्भर बनाउने छ।
- कृषकहरुको आयस्तरमा सुधार गर्न स्थानिय सम्भावयता र बाली उपयुक्ताको अधारमा एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत कृषिमा साना व्यावसायिक खाद्यन्नी, तरकारी, फलफूल, दलहन तथा तेलहन बालीमा पकेट विकास कार्यक्रम संचालन गरिने छ।
- नगदे तथा उच्च मूल्यको बालीमा उत्पादनमा अधारित अनुदान कार्यक्रम संचालन गरिने छ।
- समग्र कृषि विकासमा योगदान पुर्याउन यान्त्रिकरण अर्न्तगत साना तथा मध्यस्तरका कृषकलाई पावर टिलर,मिनि पवर टिलर, रिपर,ब्रस कटर अनुदानमा कार्यक्रम संचाल गरिने छ।
- रासायनिक मल हटाउने होईन घटाउन हरियो मलको रुपमा ढैंचा खेतीलाई उच्च प्राथमिकता दिई माटो सुधार गरि कृषिको उत्पादकत्व र उत्पादन बढाउनमा जोड दिईने छ।
- कृषि क्षेत्रमा बाली उत्पादन देखि बाली उत्पादनोउपरान्त सम्म नोक्सान पुर्याउने शत्रुजिव व्यवस्थापन, स्वस्थ बाली उत्पादन तथा कृषक स्वमलाई दक्ष बनाउन प्रत्येक वाडामा असल कृषि अभ्यास कृषक पाठशाला संचालन गर्ने छ।
- कृषि कार्यक्रम तथा अनुदानलाई व्यवस्थित गर्न नेपाल सरकारले तोकेका किसानलाई बर्गिकरण र किसान सूचिकरण कार्यक्रम संचालन गरिने छ।
- कृषिको उतपादन बढाउनमा गुणस्तरिय वीउको ठूलो महत्व भएकोले कृषकहरुमा गुणस्तरिय वीउ सरल र सुलभ रुपमा आपूर्ति गर्न खाद्यन्न बालकिो वीउ बृद्धि कार्यक्रम संचालन गर्न गाउँपालिकामा नै श्रोत केन्द्र स्थापनामा जोड दिने छ।
- कृषि क्षेत्रको उतपादन तथा उत्पादकत्व बढाउन नाँया तथा आधुनिक सफल प्रविधिहरु कृषकहरुको खेतबारीमा प्रयोग प्रदर्शन कार्यक्रम संचालन गरिने छ।

- कृषिमा उत्पादन बढाउनको साथै कृषकलाई प्रोतसाहन गर्न उन्नत वीउ वितरण अनुदान कार्यक्रम संचालन गरिने छ ।
- साना सिचाई अन्तर्गतका कार्यक्रमहरु लाई रिन्तरता दिने छ ।
- कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि संघीय सरकार प्रदेश सरकार सँग समन्वय गरी कृषि उपज संकल्न केन्द्र, शितगृही (कोल्ड स्टोर) निर्माण गरिनेछ ।
- माटो सुधारको लागि माटो जाँच शिविर, बाली बिरुवा उपाचार शिविर, बिषादी सचेतना सम्बन्धी कार्यक्रम प्रत्येक वडामा संचालन गरि कृषकहरुको जनचेतना अभिबृद्धी गरिनेछ ।
- कृषि तथा पशुपंक्षी क्षेत्रको योजनाबद्ध विकास संरक्षणको लागि पशु विकास क्षेत्रलाई प्रथमिकता दिन बार्षिक योजना तर्जुमा गरि पशुपंक्षी क्षेत्रमा रुपान्त्रण गरिने छ ।
- गाउँपालिका स्तरबाट संचालन हुने कृषि तथा पशुपंक्षी विकास कार्यक्रमलाई वैज्ञानिक पारदर्शि र प्रभावकारी बनाउँदै लगिने छ ।
- कृषि तथा पशुपंक्षी पेशालाई मर्यादित आकर्षण बनाउन युवास्वरोजगार कार्यक्रम अन्तर्गत दुग्ध तथा मासु उत्पादनको लागिं उन्नत जातको भैंसि,गाई, बाखा,कुखुरा तथा एकिकृत मत्स्य पालनमा आधुनिक प्रविधि प्रयोगमा जोड दिई युवालाई कृषि तथा पशुपंक्षी पेशामा आत्म निर्भर बनाउने छ ।
- कृषकहरुको आयस्तरमा सुधार गर्न स्थानिय सम्भावयता र उपयुक्ताको अधारमा एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत  साना व्यावसायिक भंसि,गाई, बाख्रा तथा मत्स्यमा पकेट विकास कार्यक्रम संचालन गरिने छ ।
- पशुपंक्षी क्षेत्रमा उत्पादन बढाउन पोषणको लागि घाँस खेतीमा जोड दिन उन्नत घाँसको वीउ वितरणमा अनुदान कार्यक्रम संचालन गरिने छ ।
- समग्र पशुपंक्षी तथ विकासमा योगदान पुर्याउन पशुपंक्षी धनलाई महामारी रोगबाट बचाउन रोकथामको लागि एच.एस, बि.क्यू , एफ. एम.डि. र पि.पि.आर भ्याक्सिन लगाउने कार्यक्रम कार्यक्रम संचाल गरिने छ ।
- पशुपंक्षी क्षेत्रमा उत्पादन बढाउन गाई, भंसीका स्थानिय जातलाई निरुत्साहित गरि उन्नत नशल सधारका लागि कृत्रिम गर्भाधान संचालन कार्यक्मा जोड दिने छ ।
- दुग्ध उत्पादन तथा दुग्धबाट उत्पादित पदार्थ घियू,दही,पनिर उत्पादनलाई प्रोत्साहि तथा बजार व्यवस्थापन गर्न दुग्ध चिस्यान केन्द्रको व्यवस्थापन गरिने छ ।
- पशुपंक्षीलाई गुणस्तरिय उपचार सेवालाई पशु सेवा साखाबाट निरन्तरता दिने छ ।
- माछाको उत्पादन तथा उत्पाकत्व बढाउन उन्नत जातका मत्स्य भुर्रा अनुदानमा वितरण कार्यक्रम संचालन गरिने छ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
- उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
- गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
- सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## ३. <u>सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम</u>

- विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।
- सूचना प्रबिधिमा विशेषतः महिला, दलित, जनजाती, विपन्न वर्ग, अपाङ्ग एवम् ग्रामिण विकट क्षेत्रका अन्य समुदाय समेतको पँहुच बढाउन विशेष अवसरहरु उपलब्ध गराईनेछ ।
- सूचना प्रबाहमा सहजताको लागि यस पालिकाको क्षेत्रमा पर्ने मुख्य मुख्य चौकमा स्मार्ट सुचना पाटी जडान गरिनेछ ।
- यस गाउँपालिकाको सिमा नाकामा डिजिटल बोर्डको व्यवस्था गरिनेछ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- सभाबाट हाल सम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
- न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।
- सबै वडामा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरी न्यायिक सम्पादन गर्नको लागि न्ययिक सम्यन्त्रको अधारमा अधिकत्म प्रयास गरी मेलमिलापको कार्यलाई वडा स्तरमै व्यवस्था मिलाईनेछ ।

**५. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

- प्रत्येक वडामा सार्वजानिक सुनुवाइ लागु गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
- गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, अनियमित, नियमित र बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिकातथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
- गाउँपालिकाकार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
- गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँहरुमा , हुलाकी सडकको मुल चौकमा र अन्य सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।
- सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
- गाउँपालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
- गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- अगामी आर्थिक बर्ष देखि विनियोजको भुक्तानीमा EFT प्रणाली लाई कार्यान्वयन गरिनेछ ।
- आवश्यकता अनुसार ऐन, कानुन र कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ ।

**६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. <u>खानेपानी तथा सरसफाई</u>**

- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
- सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।
- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
- शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।
- अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
- गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

- खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।
- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
- सार्वजनिक तथा निजि जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धी गरिनेछ ।
- पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धी गरिनेछ ।
- भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
- गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
- सार्वजानिक तथा सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका सार्वाजनिक पोखरीहरुलाई जिर्नोउद्धार गरी वनविरिक्षारोपनको माध्यमबाट वातारण मैत्री कार्यक्रम लाई बढावा दिईनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

- आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

- गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिकासडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
- एकिकृत शहरी तथा वस्ति विकास योजनाद्धारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकागौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
- एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुनर्निर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
- घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाक्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीति लिइनेछ।
- भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।
- गाउँपालिकाभित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
- गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
- गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।
- पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- दिर्घकालिन गुरुयोजना, मध्यकालिन योजनाहरु तयारी तद् अनुरुप बार्षिक योजना तयार गरी तिनै प्रकारका योजनाहरु बिच सम्नजस्ता ल्याईनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
- आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
- करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।
- विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।
- करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
- अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।
- करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।
- आन्तरिक स्रोतहरुको दायरा पहिचान र विस्तार गरी अगामी आर्थिक बर्ष सुत्रमा अधारीत Revenue model अनिवार्यका साथ लागु गर्ने ।
- गाउँपालिका अन्तर्गत रहेको सार्वजनिक पोखरीहरुलाई मर्मत सम्भार दिगो आन्तरीक स्रोतमा विस्तार गर्ने ।

➢ गाउँपालिका अन्तर्गत रहेको साना, खुद्रा व्यपारी उद्योगीहरुलाई व्यवसाय दर्ता गराउन प्रोत्साहन गरी क्षमता अनुसार कर निर्धारण गर्ने ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म अगामी आर्थिक बर्ष २०८०/०८१ को निम्ति विनियोजन विधेयकद्धारा पारित गाउँ संचित कोषबाट व्ययभार हुने मुख्य-मुख्य खर्चका शीर्षकहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँ संचित कोषबाट व्यभार हुने गरी चालु खर्च तर्फ रु. २६ करोड ६१ लाख ५९ हजार ५ सय मात्र र पूँजीगत खर्च तर्फ रु. १३ करोड ६६ लाख ५९ हजार अर्थात कूल जम्मा रु. ४० करोड २८ लाख १८ हजार ५ सय मात्रको अनुमानित वजेट प्रस्तुत गरिएको छु ।

साथै प्रस्तुत आर्थिक विधेयक बमोजिम आन्तरिक श्रोत तर्फ अनुमानित रु. १ करोड मात्र, नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ रु. ९ करोड ३५ लाख, नेपाल सरकारबाट विषयगत शाखाको सर्शत अनुदान तर्फ रु.१८ करोड ८९ लाख, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान तर्फ रु ६६ लाख ५९ हजार, प्रदेश सरकारको रजस्व बाँडफाड रु. ७० लाख मात्र, प्रदेश सरकार समपुरक कोष अनुदान रु.२० लाख, प्रदेश सरकार विशेष अनुदान रु. ३० लाख, संघीय सरकारको समपुरक अनुदान ६० लाख, संघिय सरकारको बिशेष अनुदान ९० लाख मात्र संघीय सरकारको राजश्व वाडफाडबाट रु. ७ करोड ६७ लाख ५९ हजार ५ सय मात्र अनुमान गरिएको छु । आय हुने अनुमान गरी कूल रु. ४० करोड २८ लाख १८ हजार ५ सय मात्र आय हुने अनुमान गरिएको छ ।

उल्लेखित आय लक्ष्य प्राप्तिका लागि गाउँकार्यपालिकाबाट निर्णय गरिएका कर, शुल्क, दस्तुर उठाउन राजश्व प्रशासनलाई प्रविधि मैत्री बनाउनुका साथै वडा तहमै राजश्व संकलन गर्ने गरी प्रस्ताब गरिएको छ भने स्वीकृत आयोजना,कार्यक्रमहरुलाई यथासमयमै सम्पन्न गर्न विशेष संयन्त्र निर्माण गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय,**

बरियारपट्टी गाउँपालिकाको प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले असीमित जनचाहना र अपेक्षालाई उपलब्ध साधन स्रोतको सीमाले सम्बोधन गर्न अवश्य सकिएको छैन । बिकास एक निरन्तर प्रकृया पनि हो, त्यसैले क्रमशः स्थानीय आवश्यकता, जनचाहना र अपेक्षालाई सम्वोधन गर्दै लगिनेछ । बजेट, नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास प्रयाप्त हुदैन । यसको सफल कार्यान्वयनको लागि संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय क्रियाशील राजनैतिक दल, संघ संस्था, नागरिक समाज, यस क्षेत्रका जन प्रतिनिधि ज्यूहरु र आम गाउँपालिका बासी दाजु भाई तथा दिदी बहिनीहरुको सामुहिक प्रयास, साथ सहयोग र सहकार्य सदाझै प्राप्त हुनेछ र यस बरियारपट्टी गाउँपालिकाले परिकल्पना गरेको स्वच्छ, सुन्दर र समृद्ध बरियारपट्टी गाउँपालिका वनाउने पहलकदमीमा अर्को इँटा थपिनेछ ।

अन्त्यमा, प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले “पूर्वाधारमा लगानी, विकासको विहानी” को परिकल्पनालाई सार्थक वनाउन, प्रस्तावित पूर्वाधार निर्माण, आर्थिक, सामाजिक अभियानहरु संचालनबाट उपलब्धी हासिल गरी एक समृद्ध गाउँपालिकाको अवस्थामा पुर्‍याउने प्रयास सार्थक पार्ने विश्वास लिएको छु ।

यस बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सरकारी तथा गैर सरकारी कर्यालय, व्यावसायिक एवं वित्तिय संघसंस्थाहरु, आम संचार जगत, जागरुक गाउँवासी, महानुभावहरु सवैको सहयोगको अपेक्षा गरेको छु ।

बार्षिक नीति तथा कार्यक्रम तर्जूमा गर्न सहयोग पुऱ्याउने सहकर्मी निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, राजश्व परामर्श समिति, बार्षिक नीति तथा कार्यक्रम तर्जूमा समिति, स्रोत अनुमान समिति, बिषयगत कार्यदल, नागरिक सचेतना केन्द्र, सामुदायिक संघसंस्थाहरु, संचारकर्मी मित्रहरु, वाल संजाल, सम्पूर्ण गाउँपालिका बासीहरु र यस बरियारपट्टी गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !!**

**ममता कुमारी यादव**
**उपाध्यक्ष**
**एंव योजना तथा बजेट तर्जुमा समिति**